Volume 01, Issue 01, 2023. PP. 71-81
https://doi.org/10.62078/grks.2023.v01i01.009
Research Article

GS WOW
Wisdom of Worthy Research Journal

# नेपालमा सामाजिक अपराधको अवस्था

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस, कञ्चनपुर, नेपाल

**ARTICLE INFO**

***Corresponding Author***
Hema Joshi

***Email***
*joshihema262@gmail.com*

***Article History***
*Received: 14 October 2023*
*Accepted: 25 November 2023*

***Orcid***
*https://orcid.org/0009-0002-1895-4489*

***Cite***
Joshi, H. (2023). नेपालमा सामाजिक अपराधको अवस्था. *GS WOW: Wisdom of Worthy Research Journal.* 1(1), 71- 81. https://doi.org/10.5281/zenodo.10440922

## लेखसार (ABSTRACT)

नेपालमा सामाजिक अपराधको अवस्था शीर्षकको यस लेखमा अपराधका चरणहरू, अपराधलाई प्रभावपार्ने तत्वहरू, अपराध सम्बन्धी तथ्याङ्क, समाजमा अपराधको प्रभाव,अपराधको वर्गीकरणजस्ता उपशीर्षकहरूमा विश्लेषण गरिएको छ। मानव सभ्याताको प्राचीन कालखण्ड देखि नै समाजमा अपराधले स्थान लिँदै आएको छ। अपराधको सम्बन्ध मानव इतिहाससँग जोडिएको छ। मानव सभ्यताको इतिहासलाई हेर्ने हो भने मानिसले अपराध नगरेको कुनै युग छैन। कुनै पनि कार्य अपराध हुनको लागि आपराधिक मनसाय र कार्य हुनुपर्दछ। संसारका सबै देशहरुले लिखित कानुन बनाएर मानिसले गर्न हुने र गर्न नहुने कार्यहरुको व्यवस्था गरेको पाइन्छ। देश, समाज र परिस्थिती अनुसार अपराधको परिभाषा फरक फरक हुन्छ । एकै प्रकृतीको कार्य कुनै ठाउमा ठुलो अपराध मानिन्छ भने त्यही कार्य कुनै स्थानमा सामान्य मानवीय कार्य मानिन्छ । कुनै एउटा अपराधको पछाडि अनेकौ कारणहरु लुकेका हुन्छन् । बढ्दो गरिबी, बेरोजगारी, मादक पदार्थ तथा लागु पदार्थको सेवन, जातीयता, रिस, आक्रोस, दण्डहीनता, राजनैतिक संरक्षण, बिचारमा मतभिन्नता, न्याय मा पहुँचको अभाव, लोभ लालच, चाँडै धन सम्पति कमाउने चाहना, बदला, सामाजिक संजालको दुरुपयोग जस्ता कारणहरु मूल रुपमा अपराध बढ्ने कारणहरु हुन्। पुस्तकालय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोत सामग्री सङ्कलन गरी यिनै सामग्रीको अध्ययन र पुनरावलोकनबाट परिमाणात्मक तथा गुणात्मक अनुसन्धान ढाँचामा विश्लेषित यस अनुसन्धान लेखमा नेपालमा अपराध सम्बन्धी क्रियाकलाप के कसरी घट्न पुगेका छन्। तथा तिनको रोकथामका लागि के कस्ता उपयाहरू अपनाउनुपर्दछ भन्ने बारे निष्कर्ष प्रस्तुत गरिएको छ।

**शब्दकुञ्जी:** अपराध, गैरकानुनी, आक्रमण, हत्या, अपहरण, नियन्त्रण

## विषयप्रवेश

अपराध नेपाली शब्द हो जसले कुनै कानुनी, नैतिक, सामाजिक वा नीतिगत नियमलाई उल्लंघन गर्नु, अनुचित काम गर्नु, हिंसा, चोरी, लुटपट, धोखाधडी, आत्महत्या, बलत्कार, हत्या, धार्मिक विवाद, भ्रष्टाचार जस्ता क्रिमिनल अभियानहरूमा संलग्न छ । यसले नियमित राजनीतिक, सामाजिक, आर्थिक, मानवीय र सांस्कृतिक गतिविधिको अवस्थालाई पनि प्रभाव पार्दछ । अपराध नेपालको कानुनी प्रणालीमा दायर भएका छन् र यसले नियम तथा नियमनका प्रतिबद्धता, न्यायप्रियता र सशस्त्रतामा कमी ल्याउँछ । नेपालको दण्डसंहिता, आपत्ति व्यवस्थापन ऐन, नागरिक अधिकार ऐन, धार्मिक स्वतन्त्रता ऐन जस्ता विभिन्न कानुनहरूले अपराधको परिभाषा, दण्ड र सजायको प्रावधान गरेका छन्। यस प्रकारका अपराधहरूको न्यायिक प्रक्रिया अनुसार शासनकार्यालय, न्यायालय, प्रहरी, आयुक्तको कार्यालय, न्यायिक अधिकारीहरूले अपराधिक गतिविधिको जाँच, दायर, निकाय रहेका छन् । अपराधले राज्य वा सरकारद्वारा दण्डनीय गैरकानुनी कार्यलाई जनाउँछ। यसले समग्रमा समाज विरुद्धको अपराध समावेश गर्दछ र राज्यले समाजको तर्फबाट अपराधीलाई कारबाही गर्छ।


Copyright (c) 2023: Author(s). Published by Gaurishankar Campus

अपराधहरूलाई विभिन्न प्रकारमा वर्गीकृत गरिन्छ। जस्तैः चोरी, आक्रमण, हत्या, धोखाधडी, इत्यादि । अपराधको लागि दोषी ठहरिएमा जरिवाना, प्रोवेशन, कैद, वा मृत्युदण्ड समेत हुन सक्छ।

## समस्याकथन र उद्देश्य

अपराधले शब्दले गल्तीपूर्ण, गैरकानुनी वा समाजका नियम कानुनको उल्लंघनका रूपमा परिभाषित गर्दछ । नेपालमा सामाजिक अपराधको अवस्थाबारे आलेखका लागि निम्नलिखित समस्याहरू पहिचान गरिएका छन्।

क) अपराधका चरणहरूलाई कुन रूपमा प्रयोग गरिएको छ ?

ख) समाजमा अपराधले के कस्तो प्रभाव पारेको छ ?

उपर्युक्त शोध्यप्रश्नहरूको निराकरण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## अध्ययन विधि

उपर्युक्त अध्ययनका उद्देश्यहरू हासिल गर्नका लागि विशेषगरी द्वितीयक स्रोतको प्रयोग गरिएको छ। यसका लागि अपराध अनुसन्धान विभागको मासिक बुलेटिनबाट प्राप्त भएका सन्दर्भ सामग्रीहरू,अपराधिक क्रियाकलापको सन्दर्भमा गरिएका विभिन्न अध्ययन अनुसन्धानहरू र सातै प्रदेशका अपराधका घटनाक्रमहरूमा आधारित भई यो लेख तयार गरिएको छ। सो सम्बन्धमा अपराधिक क्रियाकलापका बारेमा जानकारी भएका व्यक्तिहरूको सल्लाह सुझावलाई पनि आधार मानिएको छ।

## अपराधको परिचय

अपराध जटिल सामाजिक रोग हो। प्रत्येक समाजमा आआफ्नै मनोवैज्ञानिक, नैतिक, आर्थिक, राजनीतिक, धार्मिक, शैक्षिक, सांस्कृतिक, जनसांख्यिक, भौगोलिक आदि परिवेशका आधारमा र यिनैको कारणस्वरुप वा त्यो रुपमा अपराध भइरहेका हुन्छन् । कुनै पनि समाज अपराधविहीन हुन सकेका छैनन् । जसरी शरीरमा प्राण छउञ्जेल रोग लाग्ने सम्भावना रहिरहेको हुन्छ त्यसैगरी मानव समाजमा अपराध हुने सम्भावनासमेत रहिरहन्छ (इन्सेक २०११:२८९) । प्राचीन समयदेखि नै अपराध भइरहेको छ भने भविष्यमा पनि अपराध निर्मूल भएको समाजको कल्पना गर्न कठिन नै हुन्छ। त्यसको मतलब अपराध हुन्छ भनेर न्यूनीकरणका लागि प्रयास गर्न हुँदैन, चनाखो रहन पर्दैन भनेको चाहिँ कदापि होइन, बरू जुनसुकै समाजमा पनि आफ्नो स्वरुपलाई समय र परिस्थिति सापेक्ष बनाएर अपराध आउन सक्छ, तसर्थ सदासर्वदा यसको विरूद्धमा तयारी भइरहनुपर्छ भन्न खोजिएको हो। अपराधसम्बन्धी केही विद्वानहरूको परिभाषाबाट अझ स्पष्टसँग बुझ्न सकिन्छ। जसको परिभाषा देहायअनुसार उल्लेख गर्न सकिन्छ :

१) लोम्ब्रेभले, (१८९९) “व्यक्तिको शारीरिक र मनोवैज्ञानिक विशेषताको आधारमा अपराध वर्गीकरण गरे तर उनले सामाजिक संरचनात्मक शक्तिहरूलाई मान्यता दिएनन्।”

२) इमाइल दुर्खिम, (१९५९) “अपराध सहरीकरणको मात्र नतिजा होइन, बरु केही उद्देश्यहरू प्राप्त गर्ने सन्दर्भमा चिन्ताको कारणले हुन्छ भन्ने कुरा उल्लेख गरेका छन्।”

३) लेडिस, (१९७१) “अपराध त्यस कार्यलाई भनिन्छ, जुन कार्यलाई राज्यले जनताको कल्याण निम्ति हानिकारक घोषित गरी त्यो कार्य गरेकोमा दण्ड दिने व्यवस्था हुन्छ।”

४) बाकस्टोन, (१९७३) “सार्वजनिक कानुनले नगर्नु भनेको कार्य गर्नु र गर्नु भनेको कार्य नगर्नु नै अपराध हो।”

अपराधलाई सामाजिक र कानुनी दृष्टिले निम्नानुसार परिभाषित गर्न सकिन्छः

## सामाजिक दृष्टिकोण

सामाजिक दृष्टिकोणले हेर्दा अपराध सामाजिक शान्ति सुरक्षामा खलल पुर्याउने खराब कार्य हो। प्रायःजसो अपराध भनेको खराब नैतिक आचरण हो, जसले पूरै समाजलाई असर पारेको हुन्छ। अपराध समाजकै सदस्यले गर्ने कार्य हो र आपराधिक प्रवृत्ति पनि समाजभित्रै उत्पत्ति र विकास हुने प्रक्रिया हो। यसका लागि समाजमा रहेका नकारात्मक तत्वहरू एवं समाजका आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक र मनोवैज्ञानिक प्रणालीहरु नै कारक तत्वका रुपमा रहेका हुन्छन्। अथवा, अपराधद्वारा सामाजिक हितको क्षति हुन्छ र अपराध सामाजिकताको विपरीत कार्य हो । अपराध यस्तो अस्वाभाविक व्यवहार हो जुन सामाजिक मूल्यमान्यता र नैतिकताको विरूद्धमा हुन्छ र समाजमा अपाच्य हुन्छ, अपराध कार्यबाट अर्कोलाई अहित हुन्छ र क्षति हुन्छ।

### कानुनी दृष्टिकोण

सामान्यतया फौजदारी कानुनका नर्महरुले निषेध र दण्डनीय ठहर्याएका कार्य गर्नु अपराध हो । कानुनले गर्न नहुने भनिएको कार्य गर्ने र गर्नुपर्ने भनिएका कार्य नगर्नेलाई अपराध मानेको छ। फौजदारी कानुनका प्रचलित मान्यताहरुको उल्लङ्घन गर्नु अपराध हो, अथवा अपराध त्यो हो जसले कानुनको उल्लङ्घन गर्दछ । अपराध हुन नदिन राज्यद्वारा दण्डको व्यवस्था गरेको हुन्छ।

### अपराधका चरणहरू (Stages of Crime)

कुनै पनि अपराध गर्ने क्रममा अपराधीले सामान्यतः विभिन्न चरणहरू (Stages) पूरा गरेको हुन्छ। अर्थात् कुनै पनि अपराध घटिसकेपछि उक्त अपराध पूरा हुँदासम्म विभिन्न अवस्था वा अपराधीले अपराध पूर्ण गरून्जेलसम्म चालेका विभिन्न कदमहरूलाई अपराधका चरणका रूपमा विभाजन गरेर हेरिन्छ । अपराधको प्रकृति,गाम्भिर्यता,आपरधिक कार्यको निश्चित स्थिति आदि कुराहरूको भिन्नता अनुसार अपराधमा पनि अपराधीले केही निश्चित चरणहरू पार गरेको हुन्छ। भने कतिपय अपराधहरूमा अपराधीले सबै सम्भाव्य चरणहरू पार गरेको हुन्छ (जोशी,२०८०:पृ.१९) । जुन अपराधमा अपराधीले सम्भाव्य सबै चरणहरू पार गरेको हुन्छ, त्यस्तो अपराधलाई पूर्ण अपराध (Complete Crime) भनिन्छ । त्यसै गरी जुन अपराधमा अपराधीले कुनै निश्चित चरण अथवा केही निश्चित चरणहरू मात्र पार गरेको हुन्छ ,त्यस्तो अपराधलाई अपूर्ण अपराध (Inchoate or Incomplete Crime) भनिन्छ।

सामान्यतः अपराधका चार अवस्थाहरूलाई अपराधका चरणका रूपमा निम्न अनुसार विभाजन गरिन्छ।

(१) मनसाय (Intention)

(२) तयारी (Preparation)

(३) उद्योग (Attempt)

(४) अपराधको पूर्णता (Completion of Crime) वा अन्तिम आपराधिक कार्य (Final Criminal Act ) चौथो चरण अन्तर्गत पर्दछ।

उपर्युक्त चरणहरूलाई निम्न अनुसार विस्तारमा चर्चा गरिएको छ।

#### (१) मनसाय (Intention)

यो अपराधको पहिलो चरण हो। यस अन्तर्गत निश्चित अपराध गर्ने इच्छा राख्नु, कल्पना गर्नु तथा कुनियत मनमा उब्जाउनु जस्ता गतिविधिहरू पर्दछन् । कुनै पनि व्यक्तिले आन्तरिक रूपमा आफ्ना आपराधिक कार्ययोजनाहरू तय गर्नु नै मनसाय हो । मनसाय नराखीकन कुनै पनि कार्य अपराधतर्फ लक्षित हुन सक्दैन किनभने मनसाय नै अपराध पूरा गर्नका लागि आवश्यक पहिलो खुड्किलो हो।

अतः यस अवस्थामा कुनै व्यक्तिले निश्चित अपराध गर्ने विचार मन मस्तिष्कमा राख्दछ । कुनै पनि अपराध गर्ने चाहना मनभित्र सीमित रहुन्जेलसम्म आपराधिक कार्य भइसकेको हुँदैन र त्यसका लागि कसैलाई पनि दण्डित गर्न सकिँदैन। यद्यपि आपराधिक कार्यका विषयमा सोचविचार गरी निश्चित परिणाम प्राप्त गर्ने इच्छा, आशय एवं नियत राखी गरिएको कार्य मनसायपूर्ण मानिन्छ। त्यसैले यस्तो कार्य गरे बाफत व्यक्तिले फौजदारी दायित्व बहन गर्नुपर्दछ।

#### (२) तयारी (Preparation)

यो अपराधको दोस्रो चरण हो र यसमा मनले सोचेको कुरालाई कार्यरूप दिन आवश्यक पूर्वाधार तयार गर्ने कार्य गरिएको हुन्छ। अपराधका लागि साधन स्रोत जुटाउने योजना बनाउने, अपराध गर्ने तरिका निश्चित गर्ने, अपराधबाट भाग्न/जोगिन उपाय गर्ने लगायतका गतिविधिहरू तयारी चरण अन्तर्गत पर्दछन् । यस चरणलाई अपराध सम्पन्न गर्ने योजना (Planning of Crime) पनि भनिन्छ । उदाहरणका लागि :- ज्यान मार्ने अपराधको तयारीका लागि हातहतियार वा विषको जोहो गर्नु, ज्यान मार्ने समय, स्थान र वातावरण तयार गर्नु आदि तयारी चरण अन्तर्गत पर्ने कार्यहरू हुन् । यस चरणमा पनि अपराध घटिसकेको हुँदैन । अतः अधिकांश अवस्थाहरूमा कुनै पनि व्यक्तिले गरिरहेका कार्य अपराधको तयारी हो भन्ने कुरा निर्धारण गर्न नसकिने हुनाले तयारी कार्यलाई मात्र दण्डनीय मानिँदैन । तर अवस्था अनुसार कतिपय कानुनहरूमा अपराधको तयारी मात्र गर्दा पनि फौजदारी दायित्व बोक्नु पर्ने हुन्छ। जस्तैः- बम विस्फोटनको तयारी, राज्यविरुद्धको अपराध जस्ता गम्भीर अपराधहरूमा तयारीका लागि पनि सजायको व्यवस्था गरिएको हुन्छ। नेपालको राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३( १), ३(२) अन्तर्गतका

अपराध गर्ने नियतले हातहतियार वा खरखजाना जम्मा गरेमा दश वर्षको कैद सजाय हुने व्यवस्था गरिएको छ।

**(३) उद्योग (Attempt)**

यो अपराधको तेस्रो चरण हो। यस चरणमा भौतिक र मानसिक तयारी पूरा हुन्छ। हस्तक्षेप, रोक, बाधाविरोधबाट सोचेजस्तो परिणाम निस्कन नपाएको अवस्था यसमा विद्यमान हुन्छ। उद्योग हुन अभियुक्तको काम पूर्ण अपराधको नजिक पुगेको हुनुपर्दछ र अपराध गर्न महत्त्वपूर्ण पाइला चालिसकेको हुनुपर्दछ। उद्योग हुनका लागि मुख्यत: ३ वटा अवस्थाहरू पूरा भएको हुनुपर्दछ :

(१) अपराध पूरा गर्न भौतिक र मानसिक रूपले अन्तिम प्रयास गरेको हुनुपर्दछ।
(२) कार्यपूर्ण अपराधको नजिक पुगेको हुनुपर्दछ।
(३) विशेष कारणले सोचेको पूर्ण परिणाममा नपुग्नु नै उद्योग हो।

**उद्योगका विशेषताहरू**

(१) यो उद्देश्य प्राप्तिको सिलसिला हो स्वयम् एक लक्ष्य, उद्देश्य वा पूर्णता होइन।
(२) यसमा मनसाय नीहित हुन्छ।
(३) तयारीको चरण पूरा भएको हुन्छ।
(४) अपराध गर्न तयार पारिएका साधन स्रोतहरू परिचालन गरिएका हुन्छन्।
(५) इच्छित परिणाम निकाल्ने कार्य गर्दा बाह्य तत्वको अवरोध खडा हुन्छ र अपराध पूर्ण हुन पाउँदैन।
(४) अपराधको पूर्णता (Completion of Crime)

यो अपराधको चौथो वा अन्तिम चरण हो। अभियुक्तले मनसाय राखी तयारी गरेको कार्य वा अपराध सोचेकै परिणाममा घटाउँछ भने अपराध पूर्ण हुन्छ। यसलाई अन्तिम आपराधिक कार्य (Final Act) पनि भनिन्छ। अपराधको पूर्णता भनेको अपराधीले चाहे अनुसार आपराधिक कार्य पूरा हुनु र निजले लक्षित परिणाम प्राप्त गर्न सफल हुनु समेत हो। यसरी अपराध पूर्ण गर्ने अपराधीले फौजदारी कानुनमा उल्लेख गरिए अनुसार फौजदारी दायित्व वा दण्डसजायको भागिदार हुनुपर्दछ।

**अपराधका आवश्यक तत्वहरु**

कुनै पनि अपराध कर्म हुनका लागि विभिन्न तत्वहरुको आवश्यकता पर्दछ। फौजदारी कानुनको सिद्धान्त एवं व्यवहारमा अपराध हुनका लागि भौतिक ( शारीरिक) र मानसिक गरी मूलभूत दुई तत्वहरु विद्यमान रहेको हुनुपर्दछ भन्ने नियमहरु प्रतिपादन भए पनि यसलाई निम्नानुसार वर्णन गर्न सकिन्छ (चितवन पोस्ट,२३ पुस, २०७६)।

**१. आपराधिक मनसाय**

कुनै निश्चित अपराधका सम्बन्धमा लागु हुने आपराधिक मनको सिद्धान्त नै आपराधिक मनसाय हो । यसलाई अपराधको मानसिक तत्व वा दुराशययुक्त मन भनेर पनि बुझिन्छ । कानुनद्वारा निषेधित कार्य गर्नका लागि राखिएको दुराशय नै आपराधिक मनसाय हो। कुनै पनि कार्य अपराध हुनका लागि त्यस कार्य हुनुमा मनसाय थियो कि थिएन भनेर हेर्ने गरिन्छ। सामान्यतया दुराशयबाट नगरिएको कुनै पनि कार्यलाई अपराध भन्न सकिँदैन । फौजदारी कानुनमा आपराधिक मनसायका निम्नलिखित रुपहरु देखिन्छन् :

**(क) मनसाय वा सोच**

गम्भीर प्रकृतिका अपराधका लागि यो तत्वको उपस्थिति अनिवार्य नै हुन्छ । जसमा कर्ताले कुनै खास परिणाम चाहेको हुन्छ र त्यो प्राप्त गर्ने उद्देश्य राख्दछ। यस रुपमा कर्तालाई परिणामको पूर्वज्ञान हुन्छ र कार्य गर्ने चाहना राख्दछ र कार्य गर्दछ।

**(ख) आवेश**

आपराधिक मनसायको यो रुपमा कर्तालाई परिणामको पूर्वज्ञान हुन्छ र कार्य गर्नका लागि छोटो समयका लागि भए पनि चाहना राख्दछ, किनकि त्यहाँ रिस थाम्न नसकेको अवस्था (आवेश) हुन्छ र उसले कार्य गर्दछ।

**(ग) लापर्बाही**

कर्ताले कुनै निश्चित कार्यको परिणाम सम्बन्धमा विचारै नराखी कार्य गरिएको अवस्था लापर्बाही हो। कुनै हानिकारक परिणाम प्राप्त गर्ने ध्येय नराखिएको, चाहना नभएको तर आफूले गरेको यस कामले यस्तो परिणाम आउन सक्छ भन्ने पूर्वज्ञान भएको तर सावधानीको अभावका कारण कार्य हुन्छ भने त्यस्तो रुपलाई आपराधिक मनसायको लापर्बाही रुप भन्न सकिन्छ।

**(घ) हेलचेक्र्याइँ**

आपराधिक मनसायको यो रुपमा कर्तालाई परिणामको पूर्वज्ञान हुँदैन र कार्यका लागि चाहना पनि हुँदैन, तर सावधानीको अभावका कारण कार्य हुन जान्छ भने त्यस्तो रुपलाई हेलचेक्र्याइँ भन्न सकिन्छ ।

**(ङ) दुर्घटना**

यसमा कर्तालाई परिणामको पूर्वज्ञान नभएको अवस्था हुन्छ भने कार्यका लागि चाहना पनि हुँदैन, तर अकस्मात् काबुबाहिरको परिस्थिति आइलाग्छ र कार्य हुने गर्दछ ।

**२. आपराधिक कार्य**

अपराधको आवश्यक तत्वमा पर्ने महत्त्वपूर्ण तत्व आपराधिक कार्य नै हो । कार्य नै नभए आपराधिक मनसायको कुनै जानकारी नहुन सक्छ । आपराधिक दायित्व सृजना गराउनका लागि कुनै न कुनै आपराधिक कार्य गरिएको हुनुपर्दछ । स्वेच्छाले कुनै पनि काम गर्नु वा विमुख हुनुलाई आपराधिक कार्य मानिन्छ । यसमा कुनै पनि आपराधिक मनसायलाई कार्यान्वयन गर्ने क्रममा गरिने कार्य अर्थात् कुनै पनि अपराधजन्य कार्य भएको हुनु पर्छ । जस्तैः कसैलाई मार्ने, जबर्जस्ती करणी गर्ने, चोरी गर्ने वा कानुनले निषेध गरेका अन्य कुनै पनि कार्यहरु गरेको हुनु पर्छ (नेपाल समाचारपत्र फागुन ६, २०७६) ।

**क) प्राकृतिक वा कानुनी व्यक्ति र कर्ता**

कुनै पनि अपराध हुनका लागि त्यस्तो कानुन विपरीत कार्य गर्ने व्यक्ति प्राकृतिक वा कानुनी दायित्व वहन गर्न सक्ने व्यक्ति हुनुपर्दछ वा कर्म गर्ने कर्ता हुनुपर्दछ ।जसले कानुनी दायित्व वहन गर्न नसक्ने व्यक्तिले कुनै आपराधिक कार्य गरेमा त्यसलाई अपराध मान्न मिल्दैन । तसर्थ, अपराधका तत्व अन्तर्गत प्राकृतिक वा कानुनी व्यक्ति र कर्तालाई समेत लिनु पर्दछ ।


**ख) क्षति**

कर्ता वा कानुनी व्यक्तिले गरेको त्यो आपराधिक कार्यले कसैलाई क्षति पुऱ्याएको हुनुपर्दछ जुन क्षति शरीर, ख्याति, सम्पत्ति कुनै पनि किसिमको हुन सक्दछ । क्षति हुनु अपराधका लागि अर्को आवश्यक तत्व मानिन्छ ।

**ग) दण्ड**


अपराध हो भने राज्यले कुनै न कुनै रुपमा सो गरेबापत दण्डको व्यवस्था गरेको हुनुपर्दछ, अथवा प्रचलित कानुनले दण्डको व्यवस्था गरेको हुनु पर्छ । जुन कानुनको उल्लङ्घनमा दण्ड नै दिन सकिँदैन त्यसलाई अपराध नै भन्न कठिन हुन्छ । तसर्थ अपराधका लागि दण्ड पनि अर्को आवश्यक तत्व हो ।

**नेपालमा अपराध सम्बन्धी तथ्याङ्क**





अपराध अनसुन्धान विभाग–मासिक "ई–बुलेटिन" – २०८० (असोज)

**जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०७८०।०८१ असोज)**





अपराध अनसुन्धान विभाग–मासिक "ई–बुलेटिन" – २०८० (असोज)

**गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७८०।०८१ असोज)**




अपराध अनसुन्धान विभाग–मासिक "ई–बुलेटिन" – २०८० (असोज)

**सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ असोज)**




अपराध अनसुन्धान विभाग–मासिक “ई–बुलेटिन“ – २०८० (असोज)

## समाजमा अपराधको प्रभाव

पछिल्लो क्रममा देशको अवस्था र समाचारको अपडेटलाई हेर्ने हो भने अपराधका घटनाहरु ह्वात्तै बढेका छन्। समाज असुरक्षित बनिरहेको छ। विभिन्न आयामबाट अपराधका घटना बढिरहेका छन् । तथ्यांकमा सीमित हाम्रो मानसिकताले यस भित्र मौलाइरहेको अपराधिक मानसिकताको खोजी गर्न नसक्दा घटना हेर्नु सुन्नु र जिब्रो टोक्दै बस्नुको नियति बनेको छ। हत्या, बलात्कारबाहेक चोरी डकैती, दुव्यर्सनी, अपहरण लगायतका विभिन्न घटनाहरु पनि हामीले दिनहुँ जसो देख्ने, सुन्ने, पढ्दै आएका छौं । जघन्य बाहेक कतिपय घटनाले त अब हाम्रो संवेदनालाई छुन छाडेको छ । हामी सामान्य रुपमा लिन अभ्यस्त भइसकेका छौं । समाजमा यसरी अपराधहरू बढिरहेका छन् कि, अति सामान्य भन्दा सामान्य घटनाबाट यसको विजारोपण भएर अन्ततः भयंकर रूप लिदै मौलाइरहेको छ। समाजमा अपराध बढ्नु कुनै एक कारण मात्रै निहित हुँदैन। निराशा, बेचैनी, कुण्ठा, आवेश, प्रतिशोध, अज्ञानता, महत्वाकांक्षा सँगसँगै बेरोजगारीका कारण सृर्जित विविध पक्षले सुषुप्त रुपमा मानिसलाई सृजनशील कम र अपराध उन्मुख बढी बनाइरहेको हुन्छ। सभ्य समाज निर्माणका लागि ज्ञान, सिप, नैतिक मुल्य, मान्यतासहितको व्यवहारिक शिक्षाको अभावले पनि अपराधको श्रृखंला बढिरहेको छ। देशको फितलो कानुन र राजनीतिक संरक्षणको आडमा देशका होनहार युवाशक्ति अपराधिक क्रियाकलापबाट अघि बढिरहेका छन्। यसले देशको आर्थिक सामाजिक तथा बौद्धिक विकासको लागि एउटा प्रश्न खडा गरिदिएको छ (दिनेश खबर असार २३,२०७९)।


समाज जति विकसित हुँदै गयो, त्यति मानिसका चाहना र आवश्यकताहरू थपिनु स्वभाविक हो। यद्यपि मानिसमा दुःख र मेहनतले भन्दा पनि अपराधिक गतिविधिबाट अगाडि बढ्ने मनोकांक्षा बढ्दै गएको देखिन्छ। फलस्वरूप विकाससँगै अपराधले पनि आधुनिक रूप लिन थालेको छ। विज्ञानले भित्र्याएको प्रविधिको दुरूपयोग गर्दै हत्या, अपहरण गर्ने र करोडौं फिरौती लिएर

जीवनलाई मोजमस्तिको धुँवामा उडाउनेहरु नियन्त्रण बाहिर छन् । अपराध न्युनीकरण कानुनले मात्रै भन्दा पनि व्यवहारिक आचरणको शुद्धिकरणले हुने हुँदा अपराध रहित समाजको पक्षमा प्रहरी प्रशासन मात्रै होइन समाजका हरेक व्यक्तिको भुमिका महत्त्वपूर्ण हुनु पर्दछ। समाजलाई अपराध मुक्त, विकसित र सु–सभ्य बनाई अगाडि बढाउने हो भने समाजमा हुने हरेक कुरालाई नियालेर अपराधलाई निरुत्साहित गर्ने संयत्र निर्माण गर्न जरुरी छ। अपराध भन्ने कुरा सामाजिक प्रक्रिया भएको र अपराध विनाको समाज नहुने हुँदा यसलाई पूर्ण निराकरण गर्न नसके पनि न्यूनीकरण गर्न सकिन्छ भन्नेतर्फ नागरीक समाज र राज्यको विशेष चासो हुनुपर्ने देखिन्छ।

पछिल्लो पाँच वर्षको अपराध तालिका हेर्ने हो भने हत्या र आत्महत्याका घटनामा लगातार वृद्धि भएको देखिन्छ। यसले दिने अर्थ झन् गम्भीर छ। किनभने घर भनेको कुनै पनि व्यक्तिको सबभन्दा सुरक्षित ठाउँ हो। तर, घरभित्रै अनि परिवारका सदस्यबाटै हुने हत्याका घटना बढ्दै जाँदा अब कहाँ गएर सुरक्षित हुने हो भन्ने प्रश्नचिन्ह खडा भएको छ। यसलाई कसरी नियन्त्रण गर्ने भन्नेबारे बेलैमा सोच्नुपर्ने भएको छ।

यो कति गम्भीर कुरा हो भने यसले परिवारभित्रै एकअर्काबाट असुरक्षित महसुस गर्न थालेपछि पारिवारिक र सामाजिक संरचना नै बिथोलिन सक्ने भय बढेको छ। यो किन पनि डरलाग्दो छ भने भात काँचो भएको, तरकारी मिठो नभएको जस्ता स–साना विषयलाई लिएर समेत परिवारका सदस्यबाट हत्या भएको देखिन्छ। त्यसैगरी विगत पाँच वर्षमा आत्महत्या पनि बढ्दै गएको देखिन्छ। आफ्नो र आफ्नो परिवारका सदस्यको भविष्य अन्धकार देखेर बच्चालाई समेत सँगै लिएर समेत आत्महत्या गरेका घटनाबाट अवस्था कति विकराल हुँदै गएको छ भनेर सजिलै बुझ्न सकिन्छ। पछिल्लो समय अपराध बढिरहेका छन् र ती घटनामा परिवार र परिवारका सदस्यको संलग्नता पनि बढ्दै जानु भनेको डरलाग्दो अवस्था हो।

**वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ असोज सम्म)**




अपराध अनसुन्धान विभाग–मासिक "ई–बुलेटिन" – २०८० (असोज)

**अपराधको वर्गीकरण**

| समूह | अपराधको विभाजन | अपराधको नाम |
|---|---|---|
| १) | जीउज्यान सम्बन्धी अपराध | अपहरण तथा शरीर बन्धक,मानव बेचबिखन,कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, भवितब्य ज्यान, आवेश प्रेरित हत्या, सवारी ज्यान, गर्भपतन, कुटपिट अंगभंग र सवारी अंगभंग |
| २) | चोरी सम्बन्धी अपराध | साधारण चोरी, नकबजनी चोरी, जबरजस्ती चोरी, रहजनी चोरी डाँका चोरी र बगलीमारा |
| ३) | यौन सम्बन्धी अपराध | जबरजस्ती करणी,जबरजस्ती करणी उद्योग, नाबालकसँगको अप्राकृतिक मैथुन |
| ४) | आर्थिक अपराध | बैकिङ्क कसुर, विदेशी मुद्रा सम्बन्धी, चन्दा, चिठ्ठा, ठगी, खोटा, खोटा चलन, कालो बजार |
| ५) | सार्वजनिक शान्ति र सुरक्षा विरूद्धको अपराध | सार्वजनिक अपराध, हातहतियार खरखजाना, विस्फोटक पदार्थ, राज्य विरूद्धको अपराध ,जासुसी |
| ६) | सार्वजनिक एवं सरकारी सम्पत्ति विरूद्धको अपराध | सार्वजनिक अपराध, हातहतियार खरखजाना, विस्फोटक पदार्थ, राज्य विरूद्धको अपराध ,जासुसी |
| ७) | सामूहिक र सार्वजनिक नैतिकता विरुद्धको अपराध | छुवाछुत, गोबध, धर्म, जुवा आदि |
| ८ | प्रविधि सम्बन्धी | दुरसञ्चार, विद्युतीय कारोबार |
| ९ | विवाह सम्बन्धी | बहुविवाह, बालविवाह |
| १० | वविध | आगलागी, लागूऔषध |

(श्रोत : मुलुकी अपराध संहिता, २०७४)

**अपराध रोक्न के गर्ने ?**

१. सम्भावित अपराधीलाई राज्यका अपराध नियन्त्रण गर्ने निकायबाट निगरानीमा राखि अपराध हुनसक्ने मुल स्थानहरुमा सुरक्षा सतर्कता बढाउँदै लगेर रोक्ने।

२. कुनै क्षेत्र, स्थान वा निश्चित वातावरणमा अपराधका कारकतत्व एवम् अपराधका कारणलाई उत्प्रेरित गर्ने तत्वलाइ हटाउने तथा निस्तेज पार्ने र कमजोर बनाइने अपराधका सम्बन्धमा समुदाय स्तरबाटै जनचेतना अभिवृद्धि गर्ने।

३. प्राथमिक शिक्षादेखि नै अपराध सम्बन्धी पाठ्यपुस्तक निर्माण गरी त्यसभित्र अपराधका परिभाषा समावेश गरेर पठनपाठन गराउने र सम्भावित खतराबाट मुक्त पार्न प्रयास गर्ने।

४. समाजभित्र लगातार अपराधका विषयमा जनचेतनाका कार्यक्रम राज्यस्तरबाट नै चलाउने।

५. समाजभित्र भएका अपराधिक मनोवृतिका मानिसहरुलाइ राज्यबाट निगरानीमा राखी निजका बानीव्यहोरा सुधार्ने कार्य गर्ने र विगतमा भएका अपराध र अपराधीको आचरणमा सुधार आए नआएको विषयमा बेलाबेला राज्यस्तरबाट अध्ययन गरी आवश्यक पहल गर्ने।

५. अपराध गरेर सजाय पाइरहेका थुनुवा कैदीलाई अपराध अनुसार फरक–फरक कारावासमा राख्ने व्यवस्था गर्ने र त्यस्ता थुनुवा वा कैदीलाई कारागारभित्रै विभिन्न किसिमका सीपमुलक तालिमको व्यवस्था गर्ने।

६. अपराधीहरुले सजाय भुक्तान भइसकेपछि जीविकोपार्जनका लागि रोजगारी गर्नसक्ने वातावरण सृजना गर्ने।

यसरी समाजमा हुने अपराधमा कमी आउन गइ केही हदसम्म अपराध नियन्त्रण गर्न सकिन्छ।

## निष्कर्ष

हाम्रो समाजमा धेरै विकृतिहरू छन्, जसमध्ये एउटा अपराध हो । समाजको अभिन्न अंगको रुपमा अपराध परापूर्वकालदेखि वर्तमानसम्म रहिरहेकै छ। समय र परि स्थितिसँगै अपराधको स्वरुप पनि परिवर्तन भइरहेको छ। समाजको शान्ति खलल पुर्याउने, बैयक्तिक हक अधिकार हनन् हुने, गतिविधिहरू जसलाई कानुनी व्यवस्था अन्तर्गत कानुनको उल्लङ्घन गरेको मानिन्छ। उक्त कार्य वा अपराध गर्ने व्यक्ति सो कार्य वा अपराधको लागि जिम्मेवार हुन्छ र सजायको भागीदार बन्छ। सरकारले आपराधिक घटना रोकथाम गर्ने प्रतिबद्धता जनाइरहँदा पछिल्ला वर्षहरूमा यस्ता घटना झन्झन् जटिल बन्दै गइरहेका छन्। जनचेतना अभाव, अशिक्षा, कुसंस्कारजन्य बेथिति, गरिबी, बेरोजगारी, आर्थिक लेनदेन, बदलाको भाव, रिसइबी, झैझगडालगायत कारणले हत्याहिंसाजस्ता जघन्य अपराध हुने गरेको प्रहरी तथ्यांकले देखाउँछ । पछिल्लो समय धेरै मानिसहरु साइबर अपराधको सिकार भएका छन् कतिपयलाई साइवर अपराध के हो ? कसरी हुन्छ ? भन्ने कुरा नै थाहा नै नभएर पनि यस्तो अपराधको भागेदारी हुनु परेको छ। पछिल्लो समय इन्टरनेटको प्रयोग हवात्तै बढेर गएको छ।इन्टरनेटले एकातर्फ मानिसलाई जोडेको छ भने अर्को तर्फ टाढा पनि बनाएको छ । सूचना प्रविधिको विकाससँगै विकसित भएको यो अपराध सामाजिक सञ्जालको माध्यमबाट हाल बढी प्रयोगमा आएको पाइन्छ । कमाजोर ज्ञान नभएका व्यक्तिमात्र होइन समाजमा शिक्षित र प्रतिष्ठीत व्यक्तिहरु पनि यस्तो किसिमको अपराधमा फसेका छन्। फेसबुक, मेसेन्जर, टिकटक, युट्युबलगायतका सामाजिक सञ्जालमा कसैको इच्छा विपरीतको भिडियो, फोटो, मानिसको आवाज आदिको सक्कल वा नक्कलका रूपमा दुरुपयोग गरी व्यक्तिको मान, मर्यादा, प्रतिष्ठा, इज्जतमा असर पार्ने कार्य भइरहेको पाइन्छ। विश्वव्यापी भएको प्रविधिको प्रयोगसँग सामाजिक सञ्जालका माध्यमबाट ठगी, अपहरण लगायतका घटना बढ्दो छ। वैदेशिक रोजगारीका नाममा मानव बेचविखनका घटना देखिँदै आएको छ। खासगरी ठगी, तस्करी, हुण्डी, असुली, लेनदेनबाट सिर्जित आर्थिक अपराध, मानव बेचविखन तथा लागुऔषध ओसारपसार, गम्भीर सङ्गठित र ट्रान्सनेशनल अपराध लैङ्गिक हिंसा र कम्पयुटरका माध्यमबाट हुने जुनसुकै प्रकृतिको साइबर अपराध नियन्त्रणमा सुरक्षाकर्मीसामु चुनौतीको पहाड बन्न पुगेको छ।

## सन्दर्भ सामग्री


अपराध पीडित महिला बालबालिका तथा साक्षी दिग्दर्शन, (२०६५), राष्ट्रिय न्यायिक प्रतिष्ठान।

अपराध अनसुन्धान विभाग (२०८०), अपराध अनुसन्धान मासिक ई–बुलेटिन २०८० (भदौ), नक्साल काठमाण्डौँ ।

आचार्य, माधवप्रसाद र प्रधानाङ्ग, रजिनभक्त (२०४१), ज्यान सम्बन्धी अपराधको सामान्य परिचय (प्र.सं.), काठमाण्डौँ : रत्न पुस्तक भण्डार।

आचार्य,माधवप्रसाद र प्रधानाङ्ग, रजिनभक्त (२०५४), फौजदारी कानुन तथा फौजदारी न्याय (प्र.सं.), काठमाण्डौँ : रत्न पुस्तक भण्डार।

आचार्य, माधवप्रसाद र प्रधानाङ्ग, रजिनभक्त (२०५४), जीउ ज्यान सम्बन्धी अपराध (प्र.सं.), काठमाण्डौँ : रत्न पुस्तक भण्डार।

आचार्य, माधवप्रसाद र भण्डारी, बद्रीप्रसाद (२०६३), फौजदारी कानुनको समिक्षात्मक विवेचना (प्र.सं.), काठमाण्डौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स्।

उप्रेती, अच्युत (२०७९) अपराधिक क्रियाकलाप नियन्त्रणका उपाय, दिनेश खबर, २०७९ असार,२३ गते, बिहीबार।

गुरागाई, गोपाल (२०५४) कारागारभित्र कारागार, अनौपचारिक क्षेत्र सेवा केन्द्र, काठमाण्डौँ : इन्सेक।

चितवन पोस्ट, (२०७६ पुस २३), अपराध परिचय र आवश्यक तत्वहरू।

जोशी, हेमा (२०८०), अपराध र समाज, काठमाण्डौँ : ड्रिमल्यान्ड पब्लिकेसन प्रा.लि.।

नेपालको संविधान, (२०७२), काठमाडौँ: नेपाल कानून किताब व्यवस्था समिति।

पौडेल, दामोदर(२०७४) अपराध र अपराधिक कार्यका तत्वहरू, नेपाल समाचारपत्र, २०७४ फाल्गुन,६ गते, आइतबार।

मुलुकी अपराध संहिता, २०७४

रेग्मी, संजीवराज (२०७२), सङ्गठित अपराधको अवधारणा, अन्तराष्ट्रिय अभ्यास र नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुन एक अध्ययन, सोपान मासिक, २०७२ मंसिर।

लागु औषध (नियन्त्रण) ऐन, २०३३

सङ्गठित अपराधः स्रोत सामग्री, प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९

संगठित अपराध निवारण ऐन, २०७०

Adwani, N. H. (1978). *Prespective on Adult Crime & Cocrection*. New Delhi, Abhinav Published.

Eysenck H. J.(1970). *Crime & Personality*, Londan: Granda Press.

George vold and Thomas J. Bernard (1986) *Theoretical criminology*. New York: Oxford university press.

Kenny C. S. (1966). *Outlines of Criminal Law*. Tripathi, Bombay.

Siddique A (1993) *criminology, problems and perspectives* (2nd - ed). Lucknow: Eastern book House.

Sutherland H.E. and cressey D.R. (1974) *Principles of criminology*, Philadelphin: leppincott.

Titus Reid (1982) *Crime and criminology,* New York: holt, rinchard and winston.

Sharma, Prayag Raj (2004) The state and society in Nepal: Historical foundations and contemporary trends. Lalitpur Nepal, Himal Books.Walter C. Recklers. (1967) *The crime problem*.

Wolfgang, M. E & J. N. (1970). T*he Sociology of Crime & Delinquency*. New York.